**भारतीय राजदूतावास**

**काठमाडौं**

********

## <u>प्रेस विज्ञप्ति</u>

### भारतीय राजदूतावास, काठमाडौंद्वारा भारतको भोपालमा नेपाली यू-१९ क्रिकेटरहरुका लागि एक महिने प्रशिक्षणका लागि सहजीकरण

काठमाडौंस्थित भारतीय राजदूतावासले सन् २०२५ जुनमा नेपाली युवाका लागि घोषणा गरेको राजदूत क्रिकेट फेलोशिपको एक हिस्सा अनुरुप नेपालका तीन आशालाग्दा अन्डर-१९ क्रिकेटरहरु श्री नरेन भट्ट, श्री साहिल पटेल र सुश्री पूजा महतो भारतको भोपालस्थित एलबी शास्त्री क्रिकेटशालामा मिति २०८२ असार ३१ गतेदेखि साउन २९ गतेसम्म एक महिने लामो व्यावसायिक प्रशिक्षण कार्यक्रममा सहभागी हुने कार्यक्रम रहेको छ ।

२. क्रिकेटको लागि साझा जोश मार्फत भारत र नेपालबीचको जनता-जनताको सम्बन्धलाई सुदृढ पार्दै काठमाडौंस्थित भारतीय राजदूतावासले लिएको पहलले युवा नेपाली क्रिकेट प्रतिभाको विकासलाई सहयोग गर्ने लक्ष्य राखेको छ ।

३. यो व्यावसायिक अनुभवले खेलाडीहरुको सीपलाई उल्लेखनीय रुपमा तिखार्ने र नेपालको क्रिकेट आकांक्षामा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

४. नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले नेपाल क्रिकेट संघका अध्यक्ष श्री चतुरबहादुर चन्दको उपस्थितिमा आज खेलाडीहरुसँग भेटी कुराकानी गर्नुभयो र उनीहरुको प्रशिक्षण कार्यक्रमका लागि शुभकामना व्यक्त गर्नुभयो ।

५ . सो अन्तरक्रियाले भारत र नेपालबीचको जनता-जनताको सम्बन्धलाई प्रगाढ बनाउन खेलकुद सहकार्यको महत्वमा जोड दियो ।

काठमाडौं, नेपाल

२०८२ असार २७